# सहकारी एक परिचय

शिव प्रसाद घिमिरे
विजय चापागाईं

## सहकारी भनेको के हो ?

सहकारी शव्दले सामान्य अर्थमा सहकार्य (सह + कार्य ) अर्थात् मिलेर काम गर्ने भन्ने जनाउँदछ ।अर्को अर्थमा समान उद्देश्य, पेशा, व्यवसाय र वर्गका मानिसहरु संगसंगै मिलेर आफ्नो आर्थिक तथा सामाजिक विकास गर्न गरिने कार्यलाई बुझाउँदछ। सहकारीका वार ेमा समाजशस्त्री एवं अर्थशास्त्रीहरुले आ–आफ्नै किसिमबाट परिभाषा गरेका छन् । विभिन्न विद्वान तथा अर्थशास्त्रीहरुको परिभाषालाई समेटेर अन्तर्राष्ट्रिय सहकारी महासंघले बेलायतको मेनचेष्टरमा सन् १९९५ को सेप्टेम्वर महिनामा भएको महासभाबाट सहकारीको परिभाषा यसरी गरेको छ " सहकारी त्यस्ता व्यक्तिहरुको स्वायत्त संगठन हो जो स्वेच्छिक रुपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता र आकांक्षाहरुको परिपूर्ति संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत गर्न चाहन्छन्" ।

## सहकारिताको विकास कसरी भयो ?

व्यवहारिक दृष्टिकोणबाट हेर्ने हो भने विश्वमा सहकारिताको विकासलाई मानव सम्यताको विकाससंगै भएको भन्न सकिन्छ। आधिकारिक रुपमा सहकारीको जन्म सन् १८४४ मा वेलायतको रोचडेल (Rochdale) भन्ने शहरमा २८ जना कपडा बुन्ने मजदूरहरुबाट भएको मानिन्छ । उनीहरुले एक आपसमा मिलेर सहकारी भावना अनुरुप "रोचडेल समतामूलक अग्रणी संस्था नामक उपभोक्ता सहकारी भण्डार खोलेका थिए। यस संस्थाले आफ्ना सदस्यहरुलाई निकै सहयोग पुऱ्याएको हुँदा अरु संस्थाहरु पनि विस्तारै स्थापना हुँदै गए र संसारभर सहकारीको विकास र विस्तार हुन पुग्यो ।

डेनमार्कमा १८६६ मा उपभोक्ता भण्डार संचालन गरेर सहकारीको शुरुवात भयो । तर पछि दुग्ध सहकारीको संगठनको विकास भएको पाइन्छ। सन् १८६९ मा कृषि सहकारी संस्थाको विकास गरी सहकारी अभियानलाई अगाडि बढाएको देखिन्छ। दुग्ध सहकारीको क्षेत्रमा डेनमार्कको अग्रणी भूमिका रहेको छ ।

सन् १९१० मा इजरायलमा इजरायली सहकारी आन्दोलन किवुत्जको थालनी भएको

पाइन्छ । सामूहिक खेतीको परिकल्पनाबाट यसको उत्पत्ति भएको मानिन्छ । इजरायली सहकारी अभियानलाई विश्वको नमूना सहकारीको रुपमा लिने गरिन्छ। १९ औं शताब्दीको मध्यतिर जर्मनीमा ऋण सहकारी संस्थाको स्थापना भएको पाइन्छ । ऋण सहकारीको क्षेत्रमा जर्मनीको सहकारी आन्दोलन अग्रस्थानमा रहेको छ ।

त्यसै गरी भारतमा सन् १९०४ मा ऋण सहकारी, चीनमा सन् १९१२ मा कृषि सहकारी र जापानमा सन् १८७९ मा उपभोक्ता सहकारी खोलेर सहकारीको आधिकारिक रुपमा प्रारम्भ भएको पाइन्छ ।

## नेपालमा सहकारीको विकास कसरी भयो ?

नेपालमा परम्परागत रुपमा गुठी, धर्मभकारी, पर्मजस्ता कार्यहरुलाई सहकारी भावना अनुरुप संचालन भएको मान्न सकिन्छ। वि.स. २०१० सालमा सहकारी विभागको स्थापना भएपछि नेपालमा सहकारीको विकासको आधिकारिक शुरुवात भएको हो। सर्वप्रथम वि.स. २०१३ साल चैत्र २० गते चितवन जिल्लाको राप्ती दूनमा बाढी पिडित जनताहरुलाई राहत पुऱ्याउने उद्देश्यले ऋण सहकारी संस्थाको स्थापना भएको थियो। नेपालमा सर्वप्रथम २०१६ सालमा सहकारी संस्था ऐन लागु भएपछि सहकारी क्षेत्रले कानुनी मान्यता प्राप्त गऱ्यो । यस पछि २०४१ सालमा साझा संस्था ऐन लागू भयो । यसपछि मुख्यतः सरकारद्वारा विभिन्न स्थानमा कृषि सहकारी संस्थाहरुको स्थापना भई कृषि सामग्रीहरु सुपथ मूल्यमा उपलव्ध गराई कृषकहरुलाई सेवा पुऱ्याउने कार्य हुँदै आयो। २०४८ सालको सहकारी ऐन आउनु भन्दा पहिले कृषि सहकारी संस्थाहरुको संख्या ८३० पुगेको थियो । यस अवधी सम्मका सहकारी संस्थाहरु नियन्त्रित र निर्देशित रुपमा सञ्चालित भएकाले सहकारी क्षेत्रले उचित मार्ग पहिल्याउन सकेको थिएन । देशमा प्रजातन्त्रको पुनर्वाहली पश्चात अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरुप सहकारी ऐन २०४८ लागू भयो ।

सहकारी ऐन २०४८ मा “देशका कृषक, कालीगढ, कम पूँजीवाल र निम्न आयवर्ग, श्रमिक भूमिहिन तथा वेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संघ संस्थाहरुको गठन र संचालन गर्न सक्ने छन्” भनी उल्लेख गरिएको छ। यही ऐन अनुसार सहकारी नियमावली २०४९ लागू भई अधिराज्यभर

सहकारी संघ/संस्थाहरु संचालन भैरहेका छन् ।

## श्री ५ को सरकारले सहकारीको विकासका लागि गरेका प्रयासहरू के के हुन् ?

श्री ५ को सरकारले सहकारीको विकासको लागि विभिन्न कार्य गर्दै आएको छ । सहकारी ऐन नियमको तर्जुमा गर्नुको अतिरिक्त कृषि मन्त्रालयको नाम परिवर्तन गरी कृषि तथा सहकारी मन्त्रालय राखिएको छ । यसको अतिरिक्त सहकारीको प्रवर्द्धनको लागि सहकारी विभाग र सहकारी विकास वोर्डको स्थापना तथा संचालन गरिरहेको छ। विभिन्न योजनाहरुमा सहकारीको प्रवर्द्धन कार्यक्रमहरु समावेश गरिएको छ । देशको कृषि क्षेत्रका साथै सहकारी क्षेत्रलाई सेवा पुऱ्याउने उद्देश्य लिएर कृषि नीति २०६१ पनि जारी भैसकेको छ। जस अनुसार सहकारीमा आधारित उद्योग एवं व्यवसायलाई प्राथमिकता दिने, बजार सूचना प्रणालीको विकास, विस्तार र प्रवाह गर्ने कार्यमा निजी क्षेत्रको साथै सहकारी क्षेत्र र स्थानीय निकायसंग साझेदारी गर्ने, स्थानीय स-साना पूंजी र अन्य स्रोतको परिचालन तथा प्रवर्द्धन गरी सहकारीको संस्थागत विकास गर्न सम्भाव्य कृषक तथा उद्यामीहरुको समूहलाई सहकारीकरण गर्ने, आवश्यक कानूनी व्यवस्था गरी भूमिको सहकारी, साझेदारी समूह व्यवस्थापन प्रणालीको विकास गर्ने जस्ता कुरा उल्लेख गरिएको छ ।

आ.व. २०६१ को कार्यक्रममा *गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी* भन्ने नारा अगाडि सारेर श्री ५ को सरकारले सहकारीको विकास र विस्तारमा सहयोग पुऱ्याईरहेको छ । श्री ५ को सरकारले सहकारीको विकासको लागि संरक्षकको भूमिका गर्दै आईरहेकोछ । सहकारी ऐन २०४८ लागू भएपछि कृषि क्षेत्रको मात्र होइन विभिन्न प्रकृतिका सहकारी संस्थाहरु गठन गर्ने होड नै चल्यो । खास गरी केही बचत तथा ऋण सहकारी संस्थाहरुले सहकारी ऐन २०४८ को मर्म र भावना विपरीत काम गरी विकृति पनि ल्याए। सहकारी ऐन २०४८ को २०५७ सालमा पहिलो पटक संशोधन भई आफ्ना शेयर सदस्य वाहेक अरुसंग आर्थिक कारोवार गर्न नपाइने व्यवस्था भएपछि यसमा केही सुधार आएको छ। सदस्यहरुको आवश्यकता अनुसार खोलिएका सहकारी संघसंस्थाहरु क्रमशः सवल बन्दै गइरहेका छन्।

## सहकारी ऐन २०४८ का बिशेषताहरू के के छन् ?

सहकारी ऐन २०४८ ले सहकारिताका सर्वमान्य सिद्धान्तअनुसार प्रजातान्त्रिक मूल्य र मान्यतालाई अगालेको छ । यसले समानता, सामाजिक न्याय र आर्थिक विकासको साधनको रुपमा सबै वर्ग र त्यसमा पनि  खास गरी कृषक, कालीगढ र विपन्न वर्गका

व्यक्तिहरुले आफ्नै इच्छाअनुसार सहकारी संस्था गठन गर्न सक्ने र नचाँहिदो किसिमको कुनै पनि बाहिरी हस्तक्षेप विना संचालन गर्न सक्ने व्यवस्था गरेको छ।

**१. स्थापना**

- ✳ स्थानीय स्तरमा गठन गरिने सबै प्रकृतिका सहकारी संस्थामा कम्तीमा २५ जना सदस्य हुनुपर्ने ।
- ✳ स्थानीय स्तरमा गठन भएका संस्था, जिल्ला र केन्द्रीय स्तरका विभिन्न प्रकृतिका संघ संस्थाहरु सदस्य रहेको राष्ट्रिय स्तरको सहकारी संघ गठन गर्न सकिने ।
- ✳ सहकारी संघ/संस्था दर्ता गर्न रजिष्ट्रारले अस्वीकार गरेमा सम्बन्धित व्यक्तिहरुले श्री ५ को सरकार समक्ष उजुर गर्न पाउने ।
- ✳ अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा पारित सिद्धान्तको आधारमा तयार पारिएको हुँदा यो सहकारीको मूल्य मान्यता अनुरुप प्रजातान्त्रिक छ ।

**२. सदस्यता**

सहकारी संघ/संस्थामा व्यक्ति वा संघ/संस्था अथवा निकाय कस-कसले सदस्यता पाउन सक्छन् र कस्तो परिस्थितिमा कस-कसलाई सदस्यता दिइदैन त्यसको वारेमा प्रष्ट रुपमा उल्लेख भएको छ ।

**३. संचालन विधि**

- ✒ सहकारी संघ/संस्थाको विनियम बनाउने र आवश्यकता अनुसार संशोधन गर्ने अधिकार साधारण सभालाई दिइएको छ। सो साधारण सभाबाट निर्माण गरिएको वा संशोधन गरिएको विनियमलाई स्वीकृत गर्ने अधिकार रजिष्ट्रारसंग रहेको छ।
- ✒ सहकारी संघ/संस्थाको साधारण सभाको परिभाषा गरिनुका साथै यसको काम कर्तव्य र अधिकारका वारेमा उल्लेख गरिएको छ ।
- ✒ संचालक समितिको गठन निर्वाचनबाट नै गरिनुपर्ने, समितिको पदावधि बढीमा ५ वर्षको भनी विनियममा नै उल्लेख गरिनु पर्ने, आफ्नो अवधि पूरा नहुँदै नयाँ संचालक समितिको निर्वाचन गराउनु पर्दछ । संचालक समितिको पदावधि पूरा भईसकेपछि पनि निर्वाचन नगराएमा रजिष्ट्रारले नै ६ महिना भित्रमा निर्वाचन गराउनेछ भनि स्पष्ट उल्लेख छ ।

- संचालक समितिले राम्रो काम नगरेमा त्यसलाई विघटन गर्न सक्ने अधिकार साधारण सभालाई नै दिइएको छ ।
- आफ्नो सहकारी संघ⁄संस्थाको हिसाबकिताब ठीक दुरुस्त राख्न, नराखेको भए राख्न लगाउन र बेलाबेलामा जाँच गर्न सम्बन्धित संघ⁄संस्थाका सदस्यहरु मध्येबाट नै लेखा समितिको गठन गर्ने प्रावधान राखिएको छ । यसले गर्दा सहकारी संघ⁄संस्थाभित्र आन्तरिक नियन्त्रण प्रक्रिया सुदृढ तुल्याउन मद्दत हुनेछ ।
- यस ऐनले कर्मचारीको नियुक्ति तथा कर्मचारीसंग सम्बन्धित सम्पूर्ण कुराको व्यवस्था गर्ने अधिकार साधारण सभालाई प्रदान गरेको छ । यसले गर्दा कर्मचारीहरु संघ संस्थाप्रति उत्तरदायी हुन्छन् । सहकारी संघ⁄संस्थाको उन्नतिमा कर्मचारीको वृत्ति विकास गासिने हुँदा संघ⁄संस्थाको भलाईको लागि विशेष मेहनत गर्दछन् ।
- सहकारी संघ⁄संस्थाको विभाजन वा दुई वा सोभन्दा बढी संघ⁄संस्थाको एकीकरण गर्नुपर्ने भएमा सम्बन्धित संघ⁄संस्थाको साधारण सभाले निर्णय गर्नुपर्ने व्यवस्था गरिएको छ । सो साधारण सभाको निर्णयको आधारमा मात्र रजिष्ट्रारले विभाजन वा एकीकरण गर्न सक्नेछ ।
- सहकारी संघ⁄संस्थाले श्री ५ को सरकारको स्वीकृति लिएर अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्य रहेको कुनै पनि विदेशी सहकारी संघ⁄संस्थालाई शेयर विक्री गर्न सक्नेछ । यसले गर्दा नेपालको सहकारी आन्दोलनलाई अन्तर्राष्ट्रिय संयुक्त सहभागिताको बाटो पनि प्राप्त भएको छ ।
- सहकारी संघ⁄संस्थाले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सबै किसिमको बैंकिङ कारोवार गर्न सक्ने व्यवस्था पनि गरिएको छ ।

## ४. सूचना अभिलेख तथा हिसाब जाँच

सहकारी संघ⁄संस्था सदस्यहरुको हितलाई संरक्षण गर्न रजिष्ट्रारले सोधपुछ गर्न तथा सुझाव दिन सक्ने व्यवस्था गरिएको छ । सहकारी संघ संस्थाहरुले आफ्नो हिसाब जाँच गराउने सिलसिलामा रजिष्ट्रारको स्वीकृति लिई दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउने सक्नेछ । सो लेखापरीक्षण प्रतिवेदन साधारण सभामा पेश गरी अनुमोदन गराउनु पर्ने व्यवस्था गरिएको छ ।

## ५. छुट र सुविधा

नेपाल राजपत्रमा सूचना प्रकाशित भए अनुसार सहकारी संघ/संस्थाहरुलाई उत्पादनशील तथा रोजगारमूलक काम गर्नका लागि आयात गर्ने मेशीनरी, औद्योगिक तथा कृषियन्त्र, कच्चा पदार्थ, ढुवानी साधन आदिमा लाग्ने भन्सार महशुल वा बिक्रीकर छुट दिनसक्ने व्यवस्था सहकारी ऐन २०४८ मा व्यवस्था गरिएको छ ।

त्यसै गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भए अनुसार सहकारी संघ संस्थाहरुबाट उत्पादित मालसामानहरुमा अन्तशुल्क वा बिक्रीकर छुट दिने र औद्योगिक व्यवसाय गर्ने सहकारी संघ संस्थाहरुलाई उद्योगहरुले पाए सरहको छुट र सुविधा प्रदान गर्ने व्यवस्था भएको छ ।

## ६. खारेजी र बचाउ

साझा संस्था ऐन, २०४१ खारेज भएकोले उक्त ऐनअन्तर्गत दर्ता भएका सम्पूर्ण सहकारी संघ/संस्थाहरु सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भएको मानिने व्यवस्था गरिएको र सबै सहकारी संघ/संस्थाहरुले नाममा "सहकारी" र "लिमिटेड" शब्द राख्नुपर्ने व्यवस्था गरिएको छ ।

संक्षेपमा भन्नुपर्दा सहकारी ऐन २०४८ प्रजातान्त्रिक, स्पष्ट र सहकारिताको भावना प्रवर्द्धन गर्न सक्ने खालको रहेको छ ।

## सहकारीको अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरू के के हुन् ?

विश्व सहकारी आन्दोलनको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसिए) ले निर्धारण गरेको सहकारीको मूल्य र मान्यताहरु निम्नानुसार छन् ।

### आधारभूत मूल्यहरू

१ **स्वावलम्बन:** सहकारी संस्थाहरु वाह्‌य सहयोग भन्दा आफ्नै सिर्जनशिलताद्वारा स्वावलम्वी हुनपर्छ र यसका सदस्यहरु अरुको सहारामा भन्दा पनि आफ्नै सिर्जनशिलतामा व्यवसायहरु चलाएर स्वाबलम्वी हुन्छन् ।

२ **स्व-उत्तरदायित्व:** सहकारी संस्था संचालन गर्नेहरु नाफा नोक्सान प्रति आफै

उत्तरदायी हुन्छन् ।

३ **प्रजातन्त्रः** सहकारी संस्थाको संचालन प्रक्रिया सम्पूर्ण शेयर सदस्यहरुको प्रजातान्त्रिक अभ्यासद्वारा हुने गर्दछ ।

४ **समानताः** सहकारीका सदस्यहरु बीचमा जात, धर्म, लिङ्ग आदिका रुपमा विभेद हुँदैन ।

५ **न्यायः** सहकारीका सदस्यहरुले एक अर्कालाई अन्यायमा पार्नु हुँदैन भन्ने सिद्धान्तमा आधारित रहेर कार्य गर्दछन् ।

६. **ऐक्यवद्धताः** सहकारीका सदस्यहरु सामाजिक एकता माथि विश्वास गर्ने हुन्छन् र एकताबद्ध प्रयासले नै आफना समस्याहरु समाधान गर्न संलग्न हुन्छन् ।

## नैतिक मूल्यहरू

**१ इमान्दारिताः** सहकारी सदस्यहरु छलकपट रहित व्यावहारमा विश्वास गर्ने गर्दछन् ।

**२ खुलापनः** सहकारी संस्थाहरुमा सदस्यता प्राप्त गर्ने र छोड्ने स्वतन्त्रता हुन्छ ।

**३ सामाजिक उत्तरदायित्व** : सहकारीले सामाजिक विकास गर्ने र समाज प्रति उत्तरदायी बन्ने कार्य गर्दछ ।

**४ अरूको हेरचाह राख्नेः** सहकारी सदस्यहरुले सके सम्म गैर सदस्यहरुको पनि हेरचाह र भलो गर्न खोज्दछन् ।

## सहकारीका सिद्धान्तहरू के के छन् ?

सहकारीका सिद्धान्तहरु

### १. स्वैच्छिक तथा खुला सदस्यता

सहकारी स्वैच्छिक संगठन हो । यसबाट प्राप्त हुने सेवा, सुविधाहरु उपभोग गर्न र सदस्यताको उत्तरदायित्व वहन गर्न स्वीकार गर्नेहरुका लागि लिङ्ग सामाजिक, जातीय, राजनैतिक वा धार्मिक भेदभावविना सदस्यता खुला रहन्छ ।

### २. सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण

सदस्यहरुद्वारा नियन्त्रित प्रजातान्त्रिक संस्था नै सहकारी हो । यसका सदस्यहरु नीति निर्धारण

र निर्णय गर्न सक्रिय रुपमा सहभागी हुन्छन् । निर्वाचित महिला वा पुरुष प्रतिनिधिहरु सदस्यहरुप्रति जवाफदेही हुन्छन्। प्रारम्भिक सहकारी संस्थाका सदस्यहरुमा एक सदस्य एक मतको आधारमा समान मताधिकार निहित हुन्छ साथै अन्य तहका सहकारीहरु पनि प्रजातान्त्रिक आधारमै गठन गरिन्छन्।

### ३. सदस्यहरुद्वारा आर्थिक सहभागिता

सहकारीको पूँजी उपर यसका सदस्यहरुको न्यायिक अथवा समान सहभागिता र प्रजातान्त्रिक नियन्त्रण हुन्छ । सदस्यहरुले सहकारीबाट केही बचत भए साधारणतया सीमित रुपमा सदस्यता बापत लाभांश प्राप्त गर्दछन् । सदस्यहरुले बचतलाई विशेष गरी सहकारी विकासका लागि सञ्चित कोष स्थापना गरेर (यसको निश्चित अंश अविभाज्य हुन्छ ) सहकारीसँग गरेको कारोबारको आधारमा अंशको आधारमा सदस्यहरुलाई लाभ पुऱ्याउन र सदस्यहरुले निर्धारण गरेको अन्य कार्यहरुलाई सहयोग गर्न विनियोजन गरेका हुन्छन्।

### ४. स्वायत्तता र स्वतन्त्रता

सहकारी स्वायत्त, स्वावलम्बी र सदस्यहरुद्वारा नियन्त्रित संगठन हो। सरकार तथा अन्य निकायसित कुनै सम्झौता गर्नु परेमा उनीहरुले सदस्यहरुबाट हुने प्रजातान्त्रिक नियन्त्रण र स्वायत्ततामा आँच नआउने शर्तमा गर्दछन् ।

### ५. शिक्षा, तालिम र सूचना

सहकारीले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि र कर्मचारीलाई शिक्षा तथा तालिम प्रदान गर्दछ। यसले गर्दा उनीहरु प्रतिनिधिमा निर्वाचित भई तथा प्रवन्धक र कर्मचारीमा नियुक्त भई सहकारीको विकासका निमित्त प्रभावकारी योगदान पुऱ्याउन सक्षम हुन्छन्।

### ६. सहकारीबीच पारम्परिक सहयोग

सहकारीले आफ्ना सदस्यहरुलाई बडो प्रभावकारी तवरले सेवाहरु उपलव्ध गराउँदछन्। सहकारी आन्दोलनको सुदृढीकरणका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकारिताको माध्यमद्वारा परस्पर मिलेर काम गर्दछन् ।

### ७. समुदायप्रति चासो

सदस्यहरुद्वारा निर्धारण गरिएका नीतिहरुको आधारमा सहकारीले समुदायको दिगो विकासका

लागि काम गर्दछ ।

## सहकारी संस्था किन गठन गर्ने ?

१. छरिएर रहेको सीप, श्रोत र साधनलाई संगठित व्यवसाय मार्फत संचालन गर्न

२. संगठित व्यवसायलाई सहकारी मार्फत संस्थागत रुपमा संचालन गर्न

३. आफ्ना सदस्यहरुको आर्थिक र सामाजिक विकास गर्न

४. न्यून आय भएका वर्गहरु समूहमा मिलेर काम गर्ने पद्धतिको विकास गर्न

५. समुदायको विकास गरी सामाजिक सेवा भावना जागृत गर्न

६. निर्वाहमुखी पेशालाई व्यवसायमुखी वनाउन

७. स्वरोजगारका अवसरहरु सिर्जना गरी स्वावलम्बी एवं आत्मनिर्भर हुन

८. गाउँको विकास, क्षेत्रको विकास र राष्ट्रको विकासमा टेवा पुऱ्याउन

## सहकारी संघसंस्था कहाँ दर्ता गर्ने र के के कागजपत्रहरू चाहिन्छ ?

सहकारी संघसंस्था सहकारी विभाग र जिल्ला स्थित डिभिजनल सहकारी कार्यालयमा दर्ता गर्न सकिन्छ ।

१. सहकारी संघसंस्था दर्ताको आवेदन पत्र (रु ५ को हुलाक टिकट सहित) ।

२. सहकारी संघसंस्थाको विनियम २ प्रति ।

३. आवेदन गर्ने व्यक्तिहरुको व्यक्तिगत विवरण २ प्रति ।

४. प्रारम्भिक भेलाका सबै निर्णयहरुको प्रतिलिपि १ प्रति ।

५. नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि १/१ प्रति ।

६. शेयर रकम र प्रवेश शुल्क वापतको रकम लिनेको भर्पाई ( तदर्थ समितिको सदस्य हुनुपर्ने) ।

७. संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरेको देखिने प्रमाण पत्र ।

८. संस्थाको कार्य योजना १ प्रति

९. कार्य योजना र विनियममा तदर्थ समितिका सम्पूर्ण सदस्यहरुको दस्तखत समेत हुनुपर्ने ।

१०. तदर्थ समितिका सदस्यहरुको पासपोर्ट साइजको फोटो १/१ प्रति

११. संस्था दर्ता गर्न तदर्थ समितिले कसलाई अधिकार प्रदान गरेको हो सो को पत्र

## सहकारीको संस्थाको सदस्य को को हुन सक्छन् ?

१. कृषक

२. कालिगढ

३. कम पूँजी भएका व्यक्ति

४. थोरै आम्दानी हुने व्यक्ति

५. श्रमिक

६. भूमिहीन व्यक्ति

७. वेरोजगार

८. सामाजिक कार्यकर्ता आदि

## सहकारी संस्थाको सदस्य बन्न चाहिने योग्यता के हो ?

१. नेपाली नागरिक

२. १८ वर्ष उमेर पुगेको

३. मगज नबिग्रिएको

४. चालचलन राम्रो भएको

५. संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने आदि

## के भएमा सहकारी संस्थाको सदस्यताको अन्त्य हुन्छ ?

१. सदस्यको मृत्यु भएमा

२. मगज विग्रिएको प्रमाणित भएमा

३. सदस्यबाट दिएको राजिनामा स्वीकृत भएमा

४. सदस्यबाट निष्काशन भएमा

५. सहकारी संघ/संस्था विघटन भएमा

## सहकारी संस्थाको विनियममा के के उल्लेख गर्नु पर्छ ?

सहकारीको मूल्य मान्यता र अन्तर्राष्ट्रिय सहकारी महासंघबाट पारित सहकारी सिद्धान्त अनुसार बनेको सहकारी ऐन २०४८ र एवं सहकारी नियमावली २०४९ अनुसार सहकारी संघ संस्थाहरु संचालन हुँदै आएका छन्। कुनै पनि सहकारी संस्था संचालन गर्न सहकारीको मर्म र भावना अनुसार सहकारी संघ संस्थाको विनियम स्वयं सदस्यहरुले बनाउनु पर्दछ। विनियम बनाउँदा मुख्यतः ऐन नियमको परिधी भित्र रही निम्नानुसारको विषयहरु समावेस गर्नु पर्दछ।

१. नाम ठेगाना
२ कार्यक्षेत्र
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. सदस्यको लागि योग्यता
७. प्रवेश शुल्क
८. सदस्यबाट राजिनामा
९. सदस्यको निष्काशन
१०. कोषको व्यवस्था
११. शेयर पूँजी
१२. शेयरको प्रमाण पत्र
१३. शेयरको हस्तान्तरण वा फिर्ता
१४. दायित्व
१५. हकवालाको मनोनयन
१६. हक दावी वा नामसारी
१७. प्रारम्भिक साधारण सभा
१८. साधारण सभा
१९. विशेष साधारण सभा
२०. साधारण सभाको काम, कर्तव्य र अधिकार
२१. संचालक समितिको गठन काम, कर्तव्य र अधिकार
२२. संचालकको पदमा वहाल रहन नसक्ने अवस्था
२३. समितिको बैठक
२४. अध्यक्षको काम, कर्तव्य र अधिकार
२५. उप-समितिको गठन र कार्यविधि
२६. लेखा समितिको काम, कर्तव्य र अधिकार

२७. व्यवस्थापकको नियुक्ति, काम, कर्तव्य र अधिकार

२८. बचत वितरण

२९. कोषको सुरक्षा

३०. संघ/संस्थामा राख्नुपर्ने वहिखाता र किताबहरु

३१. वार्षिक हिसाब जाँच

३२. निर्वाचन

३३. मध्यस्थता सम्बन्धी व्यवस्था

३४. विनियम संशोधन

३५. विघटन

३६. विविध आदि

## सहकारी संस्थाहरुलाई कसरी वर्गिकरण गरेको पाइन्छ ?

सहकारी संस्थालाई खास गरेर ५ किसिमबाट विभाजन गरेर हेर्ने गरिन्छ ।

### १. कानूनी मान्यताको आधारमा

#### क. दर्ता भएका

सहकारी ऐन २०४८ वा सो भन्दा पहिलेको सहकारी ऐन अनुसार दर्ता भएका सहकारी संस्थालाई दर्ता भएका सहकारी संस्थाको रुपमा लिइन्छ ।

#### ख. दर्ता नभएका

अनौपचारिक रुपमा संचालन भएका र कानूनी मान्यता नपाएका संस्थाहरुलाई दर्ता नभएका सहकारी संस्थाको रुपमा लिने गरिन्छ ।

### २. उद्देश्यका आधारमा

#### एकल उद्देश्यीय सहकारी संस्था

एउटा उद्देश्य मात्र लिएर स्थापना भएका सहकारी संस्थाहरुलाई एकल उद्देश्यीय सहकारी संस्था भनिन्छ । जस्तै दुग्ध उत्पादक सहकारी संस्था, बचत तथा ऋण सहकारी संस्था आदि ।

#### बहुउद्देश्यीय सहकारी संस्था

एकभन्दा बढी उद्देश्य लिएर स्थापना भएका सहकारी संस्थालाई बहुउद्देश्यीय सहकारी संस्था भनिन्छ, जस्तै कृषि बहुमुखी सहकारी संस्थाहरु यस अन्तरगत पर्दछन् । रासायनिक मल, कीटनाशक विषादी, उपभोक्ता भण्डार संचालन, बचत परिचालन आदि काम गर्ने संस्थाहरु ।

### ३. कार्य संचालनका आधारमा

#### प्राथमिक तहको सहकारी संस्था

२५ जना मिलेर गठन भएका सहकारी संस्था प्राथमिक तहको सहकारी संस्था हो । यी संस्थाहरु एकल उद्देश्यका वा बहुउद्देश्यीय पनि हुन सक्दछन् ।

#### माध्यमिक तहको सहकारी संस्था

विषयगत सहकारी जिल्ला संघ, जिल्ला सहकारी संघ र विषयगत केन्द्रीय सहकारी संघ माध्यमिक तहको सहकारी संस्थामा पर्दछन् ।

#### राष्ट्रिय तहको सहकारी संघ

विषयगत संघ, जिल्ला सहकारी संघ र केन्द्रीय सहकारी संघ मिलेर गठन हुने संघलाई राष्ट्रिय स्तरको सहकारी संघ भनिन्छ ।

#### अन्तर्राष्ट्रिय सहकारी महासंघ

विश्वभरका सहकारी संघहरु मिलेर गठन हुने संघलाई अन्तर्राष्ट्रिय सहकारी महासंघ भनिन्छ । यसको मुख्य कार्यालय स्वीजरल्याण्डको जेनेभामा छ । यो महासंघ विश्वका सहकारी संघसंस्थाको सर्वोच्च निकाय हो ।

### ४. सदस्यको आर्थिक तथा व्यवसायीक प्रकृतिको आधारमा

#### उत्पादक सहकारी संस्था

वस्तु र सेवा उत्पादन गर्ने व्यक्ति मिलेर गठन भएको संस्थालाई उत्पादक सहकारी संस्था भनिन्छ । जस्तै तरकारी उत्पादक सहकारी संस्था ।

#### उपभोक्ता सहकारी संस्था

उपभोक्ताहरुलाई दैनिक उपभोग्य वस्तुहरु उपलव्ध गराउने सहकारी संस्थालाई उपभोक्ता सहकारी संस्था भनिन्छ ।

#### श्रमिक सहकारी संस्था

श्रमिकहरु मिलेर स्थापना गरिएको सहकारी संस्थालाई श्रमिक सहकारी संस्था भनिन्छ, जस्तै भरिया, रिक्साचालक, ठेलाचालकहरु मिलेर स्थापना गरेको संस्था ।

**५ काम गर्ने क्षेत्रको आधारमा**

शहरी क्षेत्र

शहरी क्षेत्रमा जस्तै उपभोक्ता र बचत तथा ऋण सहकारी संस्थाहरु सक्रिय रहेका हुन्छन् । यस किसिमका सहकारी संस्थाहरुलाई शहरी क्षेत्रका सहकारी संस्था भनिन्छ ।

ग्रामीण क्षेत्र

ग्रामीण क्षेत्रमा काम गर्ने सहकारी संस्थाहरुलाई ग्रामीण क्षेत्रको सहकारी भनिन्छ । दुग्ध उत्पादक सहकारी संस्था र कृषि बहुउद्देश्यीय सहकारी संस्था ग्रामीण क्षेत्रमा काम गर्ने संस्था अन्तरगत पर्दछन् ।

## सहकारी संस्था निरन्तर संचालित भैरहन के के गर्नु पर्छ ?

**साधारण सभा**

कुनै पनि सहकारी संघ/संस्थाको साधारण सभा भनेको सर्वोच्च निकाय हो । सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ अनुसार साधारण सभाको काम कर्तव्य र अधिकार यस प्रकार रहेको छ ।

क. संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने,

ख. संचालक समिति, लेखा समिति वा कुनै सदस्यलाई कुनै अधिकार प्रत्यायोजन गर्ने

ग. संचालक समिति वा लेखा समितिको प्रतिवेदन माथि छलफल गर्ने र निर्देशन दिने,

घ. संचालक समितिका अध्यक्ष वा सदस्य वा लेखा समितिका संयोजक वा सदस्य अथवा संचालक समिति वा लेखा समिति विघटन गर्ने,

ङ संघ संस्थाको आर्थिक नियमहरु तथा सेवा नियमावली बनाउने,

च. संघ/संस्थाको दीर्घकालीन योजना तथा वार्षिक कार्यक्रम र बजेट तर्जूमा गर्नुका साथै स्वीकृति गर्ने,

छ. संघ संस्थाले असूल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाह दिने सम्बन्धमा निर्णय गर्ने,

ज. दर्तावाल लेखापरीक्षक नियुक्त गरी हिसाब जाँच गराउने,

झ. लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

ञ. संघ/संस्थाको विभाजन वा एकीकरण वा विघटनको निर्णय गर्ने आदि

सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ अनुसार सहकारी संघ /संस्थामा साधारण सभा ३ किसिमका हुन्छन्

१. प्रारम्भिक साधारण सभा

२. वार्षिक साधारण सभा

३. विशेष साधारण सभा

## १. प्रारम्भिक साधारण सभा

प्रारम्भिक साधारण सभा सहकारी संघ /संस्थाको पहिलो साधारण सभा हो। सहकारी संघ/संस्था दर्ता हुनुभन्दा पहिले तदर्थ समिति गठन गरिएको हुन्छ। तदर्थ समितिका संयोजक र वा अरु कुनै सदस्य अथवा व्यवस्थापकको जिम्मामा रहेको रकम संस्थाको नाममा खाता खोली बैंकमा जम्मा गरेको हुनु पर्दछ। यो साधारण सभा संस्था दर्ता भएको मितिले ३ महिना भित्र नै बोलाई विनियम अनुसार सहकारी संघ/ संस्थाको संचालक समितिको निर्वाचन गराउने व्यवस्था तदर्थ समितिले मिलाउनु पर्दछ र त्यस बेलासम्मको हरहिसाब, कागजपत्र तथा नगदी–जिन्सी सबै खुलस्त पारी नव निर्वाचित संचालक समितिलाई हस्तान्तरण गर्नु पर्दछ।

नयाँ संचालक समितिले तदर्थ समितिबाट सबै कुरा बरबुझारथ गरी ७ दिन भित्र समितिको नामावली सहित आफूले संस्था वा संघको कार्यभार सम्हालेको जानकारी संस्था वा संघ दर्ता गर्ने रजिष्टार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई दिनु पर्दछ।

## २. वार्षिक साधारण सभा

वार्षिक साधारण सभा संस्थाका सदस्यहरुको नियमित भेला हो। यो सभा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बोलाउनु पर्ने हुन्छ। सहकारी संघ/संस्थाले सालभरि गर्ने कामहरु प्रायः यही साधारण सभाकै अवसरमा छलफल गरिन्छ। मुख्यतः संस्थाले गत वर्षको कार्यक्रमको समिक्षा र चालु वर्षको कार्यक्रम वजेट वार्षिक साधारण सभाले नै पारित गर्दछ।

### ३. विशेष साधारण सभा

सामान्य रुपमा हेर्दा विशेष साधारण सभाको अर्थ विशेष परिस्थितिका लागि भन्ने जनाउँदछ । तर पनि विशेष साधारण सभाको व्यवस्था विशेष परिस्थितिका लागि मात्र होइन सहकारी संघ वा संस्थाका क्रियाकलापहरुमा साधारण सदस्यहरुलाई सहभागी गराउने सहकारी प्रचलन अनुसार आफ्ना सदस्यहरुको चासोको कुनै विषयमा छलफल गरी निष्कर्षमा पुग्ने अभिप्रायले संचालक समितिले जहिले पनि विशेष साधारण सभा बोलाउन सक्दछ । तैपनि निम्न अवस्थामा संचालक समितिले विशेष साधारण सभा बोलाउन सक्दछ ।

क. लेखा समिति वा कुनै उपसमितिले कुनै विशेष कामका लागि विशेष साधारण सभा बोलाउन आवश्यक देखी त्यसको कारण समेत खोली संचालक समिति समक्ष लिखित रुपमा अनुरोध गरेमा वा

ख. कुनै संचालकले विशेष साधारण सभा बोलाउन आवश्यक छ भनी कारण समेत खोली संचालक समिति समक्ष पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा वा

ग. संस्था वा संघको हिसाबकिताबको जाँचबुझ गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखी त्यसको कारण समेत खोली लेखापरीक्षकले संचालक समिति समक्ष लिखित रुपमा अनुरोध गरेमा वा

घ. संस्थाको हकमा कूल सदस्य संख्याको १० प्रतिशत वा दश जनामध्ये जुन बढी हुन्छ त्यति र संघको हकमा २० प्रतिशत सदस्यले विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई निवेदन दिएमा

विशेष साधारण सभाको सभापतित्व संचालक समितिका अध्यक्ष र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नु पर्दछ ।

### संचालक समिति भनेको के हो ?

संचालक समिति सहकारी संघ/संस्थाको कार्यकारी अंग हो । सबै शेयर सदस्यहरु संघ संस्थाको काम परेको बेलामा उपस्थित हुन सक्दैनन् । त्यसैले साधारण सभाबाट सहकारी संघ/संस्थाको कामलाई निर्देशित गर्न सदस्यहरु मध्येबाट एक संचालक समितिको निर्वाचन गरिन्छ । सोही समितिले ब्यवस्थित किसिमबाट संस्थाका कार्यहरु संचालन गर्दछ ।

**संचालक समितिको काम कर्तव्य र अधिकार**

१. संस्थाको दैनिक कार्य संचालन गर्न व्यवस्थापकको नियुक्ति गर्ने ।

२. कर्मचारी प्रशासन नियम र आर्थिक कारोवार संचालनको लागि आर्थिक प्रशासन नियम बनाई साधारण सभामा स्वीकृतिका लागि पेश गर्ने ।

३ ऐन नियम र विनियममा लेखिएका कुराहरु र साधारण सभाद्वारा समय समयमा गरिएका निर्णयहरुका अधीनमा रही संस्थाको सम्पूर्ण काम र कर्तव्यको पालना गर्ने ।

४ अध्यक्ष वाहेक कुनै संचालक वा कुनै सदस्यले दिएको राजिनामा स्वीकृत गर्ने ।

५. संघ संस्थाको वार्षिक कार्यक्रम तयार गरी स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने ।

६ साधारण सभाबाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने ।

७ संस्थाको चल अचल सम्पत्ति खरिद विक्री गर्ने वा प्राप्त गर्ने ।

८ संस्थालाई सुचारु रुपले संचालन गर्न आवश्यकता अनुसार उपसमितिहरु वा सल्लाहकार समिति गठन गर्ने ।

९ संस्थाको कोषको सुरक्षा तथा आर्थिक कारोवारमाथि नियन्त्रण गर्ने तथा सो को व्यवस्था मिलाउने ।

१० संघ संस्थाको विनियममा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि आवश्यक सबै काम गर्ने ।

## लेखा समिति भनेको के हो ?

सहकारी संघ/संस्थामा आर्थिक अनुशासन कायम राख्न र आन्तरिक नियन्त्रण तथा सुधारका प्रक्रियालाई संस्थागत रुपमा विकास गर्न लेखा समितिको व्यवस्था गरिएको हुन्छ । साधारण सभाले १ जना संयोजक र २ जना सदस्य रहने गरी ३ जनालाई यस समितिमा निर्वाचित गरेको हुन्छ । यो लेखा समिति संचालक समितिको प्रतिस्पर्धी अंग भने होइन । यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण गराउन तथा संचालक समितिलाई सुझाव दिन सक्दछ । यसले दिएका सुझाव कार्यान्वयन भएमा संस्थाको आर्थिक गतिविधिमा राम्रो प्रभाव पर्न सक्दछ । लेखा समिति सोझै साधारण सभाप्रति उत्तरदायी हुन्छ ।

**लेखा समितिको काम कर्तव्य र अधिकार**

१. संस्थाको आन्तरिक लेखा सम्बन्धी हिसाब किताब जाँच गर्ने/गराउने ।

२ आन्तरिक लेखा परीक्षणबाट देखिएका त्रुटीहरुलाई औंल्याएर सो को सुधार गर्न समिति मार्फत कार्यवाही चलाउने ।

३. साधारण सभामा लेखा सम्बन्धी वार्षिक प्रतिवेदन पेश गर्ने ।

४ विशेष साधारण सभा बोलाउनु पर्ने ठोस कारण समेत खोली संचालक समिति समक्ष सुझाव पेश गर्ने आदि ।

## हाल नेपालमा सहकारी संघ संस्थाहरू के कति छन् ?

२०६१ साल असार मसान्तसम्मको सहकारी विभागबाट प्राप्त तथ्याङ्क अनुसार सहकारी संस्थाहरु निम्नानुसार रहेका छन् ।

| | | |
|---|---|---|
| १. | राष्ट्रिय सहकारी संघ लिमिटेड | १ |
| २ | केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ लि. | १ |
| ३ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | १ |
| ४ | नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लि. | १ |
| ५ | विभिन्न जिल्लास्थित सहकारी संघहरु (बचत, उपभोक्ता, दुग्ध आदि) | ११८ |
| ६ | बहुउद्देश्यीय सहकारी संस्था | २९७९ |
| ७ | बचत तथा ऋण सहकारी संस्था | २३४५ |
| ८ | दुग्ध उत्पादक सहकारी संस्था | १४१० |
| ९ | उपभोक्ता सहकारी संस्था | १५४ |
| १० | अन्य प्रकृतिका सहकारी संस्था | ७१० |

## सहकारीको प्रारम्भिकदेखि राष्ट्रिय स्तरको संगठनात्मक स्वरुप कस्तो छ ?

सहकारी ऐन २०४८ जारी भए पश्चात देशको सहकारी आन्दोलनमा प्रारम्भिक तहदेखि राष्ट्रिय स्तर सम्मको संगठनात्मक स्वरुपको निर्माण भइ सकेको छ । जस अनुसार

प्राथमिक, जिल्ला, केन्द्र र राष्ट्रिय स्तरमा गठित विद्यमान सहकारी संघ संस्थाहरुको संक्षिप्त तहगत परिचय निम्नानुसार रहेकोछ ।

## १. वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

यी संस्थाहरु सहकारी ऐन २०१६ अन्तरगत गठन भएका प्रारम्भिक संस्थाहरु हुन् । यिनीहरुको मुख्य उद्देश्य कृषक समुदायलाई रासायनिक मल, कीटनाशक बिषादी एवं कृषिजन्य सामाग्रीहरु सुपथ मूल्यमा सरल तरीकाले उपलब्ध गराउने हो । त्यसै अनुसार यिनीहरुले काम गरिरहेका छन् । तर कतिपय संस्थाहरु भने हाल निस्क्रिय अवस्थामा पनि रहेका छन् । यसको अतिरिक्त वचत तथा ऋणको कारोवार पनि यी संस्थाहरुले गर्दै आइरहेका छन् । सहकारी ऐन २०४८ लागू भए पछि यी संस्था लगायत अन्य उपभोक्ता सहकारी संस्थाहरु पनि वहुउद्देश्यीय रुपमा कार्यरत छन् ।

## २. बचत तथा ऋण सहकारी संस्था

२५ जना व्यक्ति मिलेपछि यस्ता सहकारी संस्था गठन गर्न सकिन्छ । सहकारी ऐन २०४८ लागू भएपछि स्थापना भएको यो प्रारम्भिक सहकारी संस्था हो । यसको मुख्य उद्देश्य आफ्ना शेयर सदस्यहरुको बचत संकलन गर्ने र सदस्यहरुलाई उत्पादनमूलक कार्यको लागि ऋण लगानी गर्ने हो । हाल अधिराज्यभरि २३४५ वटा यस्ता संस्था स्थापना भई सेवा पुऱ्याईरहेका छन् ।

## ३. दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड

यो संस्थाले दूध उत्पादन गर्ने किसानहरुसंग प्रत्यक्ष सम्बन्ध राख्दछ । २५ जना  दुग्ध उत्पादन गर्ने व्यक्ति मिलेर यो सहकारी संस्था गठन गर्न सकिन्छ । यसको मुख्य उद्देश्य दूध उत्पादन गर्ने कृषकको दूध खरिद गर्ने र विक्री गरी सहकारी भावनाको विकास गर्ने हो । नेपालमा हाल यी संस्था सफल सहकारीको रुपमा विकसित भैरहेको देखिन्छ । अधिराज्यभर हाल १४१० वटा संस्थाले दुग्ध उत्पादक किसानहरुलाई फाइदा पुऱ्याई रहेका छन् ।

## ४. विषयगत जिल्ला सहकारी संघ लिमिटेड

५ वटा प्रारम्भिक विषयगत संस्था मिलेर यो संघको गठन गर्न सकिन्छ । एउटा उद्देश्य लिएर स्थापना भएका सहकारी संस्था (विषयगत भन्नाले बचत तथा ऋण, दुग्ध उत्पादक, तरकारी उत्पादक आदि सहकारी संस्थाहरु) लाई बुझाउँदछ । यी संघहरुको मुख्य उद्देश्य

आफ्ना सदस्य संस्थाहरुको माध्यमबाट सहकारीका शेयर सदस्यहरुलाई सेवा पुऱ्याउनु रहेको हुन्छ। जिल्लामा यस्ता विषयगत संघहरु विभिन्न विषयका स्थापना हुन सक्दछन्।

## ५. जिल्ला सहकारी संघ लिमिटेड

यो संघ जिल्लामा एउटा मात्र गठन गर्न सकिन्छ। ५ वटा कृषि सहकारी संस्था अथवा विषयगत जिल्ला संघ मिलेर यसको गठन हुन्छ। यसको मुख्य उद्देश्य आफ्ना सदस्य संस्थाहरुको माध्यमबाट सहकारीका शेयर सदस्यहरुलाई सेवा पुऱ्याउनु हो।

## ६. केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ लिमिटेड

यो विषयगत केन्द्रीय संघ हो। कृषकद्वारा उत्पादित दूधको उचित मूल्य दिलाउने, उत्पादित दूधको बजारको प्रबन्ध मिलाउने र देशलाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने यसको मुख्य उद्देश्य रहेको छ। अधिराज्यभर स्थापित १४१० दुग्ध उत्पादक सहकारी संस्थाहरु रहेको भए तापनि केहीलाई मात्र यसले सदस्य बनाउन सकेको छ। ५ वटा दुग्ध उत्पादक सहकारी संघ अथवा २५ वटा प्रारम्भिक दुग्ध उत्पादक सहकारी संस्था मिलेर यो संघको गठन गर्न सकिन्छ।

## ७. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड

यो संघ पनि केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ जस्तै बचत तथा ऋण सहकारी संघ/संस्थाहरुको विषयगत केन्द्रीय संघ हो। ५ वटा बचत तथा ऋण जिल्ला संघ अथवा २५ वटा बचत तथा ऋण सहकारी संस्था मिलेर यसको गठन गर्न सकिन्छ। यस संघले आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासका लागि सेवा सुविधा, नीति निर्माण, योजना तर्जूमा गर्दै आएको छ। अधिराज्यभर स्थापित बचत तथा ऋण सहकारी २३४५ मध्ये ५१ जिल्लाका ४३२ वटा संघ संस्थाहरु यस संघमा आवद्ध रहेका छन्।

## ८. नेपाल केन्द्रीय उपभोक्ता सहकारी संघ लिमिटेड

यो संघ पनि केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ, नेपाल बचत तथा ऋण सहकारी संघ जस्तै उपभोक्ता सहकारी संघ/संस्थाहरुको विषयगत केन्द्रीय संघ हो। दैनिक उपभोग्य सामग्रीहरुको व्यवसाय संचालन गरी सुपथ मूल्यमा सरल तरीकाले उपलव्ध गराउने काम यस संघ र अन्तरगतका संघ/संस्थाहरले गराउँदै आएका छन्। अधिराज्यभर रहेका उपभोक्ता सहकारी संघ/संस्थाहरु मध्ये ५० वटा संघ/ संस्था यस संघमा आवद्ध रहेका छन्।

### ९. राष्ट्रिय सहकारी संघ लिमिटेड

यो अधिराज्यभर संचालित सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास र हितका विषयहरुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सहकारी आन्दोलनलाई पहिचान गराउने देशको सहकारी आन्दोलनको छाता संगठन हो। २०५० सालमा स्थापना भएको यस संघमा विषयगत केन्द्रीय संघ, जिल्ला सहकारी संघ, प्रारम्भिक सहकारी संस्था र सहयोगी संस्था गरी ७४ वटा सहकारी संघ/संस्थाहरु आवद्ध रहेका छन्। यस संघले आफ्ना सदस्य संस्थाहरुलाई विभिन्न किसिमको सहयोग पुऱ्याउँदै आएको छ भने २०५४ सालमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त गरी विश्व सहकारी आन्दोलनमा आवद्ध भइसकेको छ। यसले वर्षभरिमा उत्कृष्ठ कारोवार गर्ने सहकारी संघ/संस्थाहरुलाई चैत्र २० गते राष्ट्रिय सहकारी दिवसको अवसर पारेर पुरस्कृत गर्ने पनि गरेको छ।

### १०. राष्ट्रिय सहकारी बैंक लिमिटेड

अधिराज्यभरका सहकारी संघ संस्थाहरुलाई वित्तीय सहयोग पुऱ्याई सहकारी संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउने उद्देश्यले २०६० सालमा यस बैंकको स्थापना भएको हो। यस बैंकले आफ्नो कारोवार शुरु गरिसकेको छ। अधिराज्यका ६८० वटा सहकारी संघ/संस्थाहरु यसमा आवद्ध भैसकेका छन् भने यसको क्षेत्र बिस्तार भएपछि सहकारी संघ/संस्था मार्फत सहकारीका शेयर सदस्यहरुलाई सेवा पुग्न जाने देखिन्छ।

## सहकारीको प्रवर्द्धन र विकासका लागि स्थापित निकायहरू

### १. राष्ट्रिय सहकारी विकास बोर्ड

सहकारी सिद्धान्त अनुरुप निम्नस्तरका जनताको आर्थिक तथा सामाजिक विकासका लागि सेवा तथा सुविधा सम्बन्धी नीति निर्माण तथा सो सम्बन्धी योजना तर्जुमा गरी सहकारीको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले माननिय कृषि तथा सहकारी मन्त्रीको अध्यक्षतामा २०४९ सालमा राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना भएको हो। यसले देशको सहकारीको प्रवर्द्धन र विकासका लागि क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। सहकारी आन्दोलन र सरकारका बीच पुलको काम गर्ने यस बोर्डले विभिन्न अनुसन्धानमूलक कार्यका अतिरिक्त सहकारी शिक्षाको प्रचार प्रसार, सहकारी सम्बन्धी परामर्श सेवा र सहकारी आयोजनाका लागि सहकारी विकास कोषबाट न्यून व्याजदरमा ऋण लगानी गरी सहकारीका शेयर सदस्यहरुलाई सेवा पुऱ्याउँदै आएको छ।

## २. सहकारी विभाग

सहकारी विभागको स्थापना २०१० सालमा भएको हो। सहकारिताको भावना अभिवृद्धि गरी सहकारी आन्दोलनलाई देशभर फैलाएर देशको आर्थिक क्रियाकलापमा जनसाधारणलाई सहभागी गराउन सक्रिय भूमिका खेल्दै आएको छ। सहकारी ऐन २०४८ र नियमावली २०४९ अनुसार अन्तर्राष्ट्रिय सहकारी महासंघबाट प्रचलनमा ल्याएका सहकारी सिद्धान्तको आधारमा सहकारी संघ/संस्थाहरुको दर्ता, निरीक्षण, अनुगमन, नियमन र प्रवर्द्धन गर्नु यसको मुख्य उद्देश्य रहेको छ। यस विभाग अन्तरगत केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र लगायत ३८ जिल्लामा डिभिजन सहकारी कार्यालयहरु सहकारीको विकास र विस्तारका लागि क्रियाशील रहेका छन्।

## ३. केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र

केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको मुख्य उद्देश्य देशको सहकारी आन्दोलनको गतिलाई अगाडि बढाउन आवश्यक पर्ने मानवीय श्रोतको विकास गर्नु रहेको छ। सहकारी विभाग अन्तरगत रहेको यस केन्द्रले सहकारीमा संलग्न कर्मचारीहरु, व्यवस्थापक र संचालकहरुलाई सहकारी सम्बन्धी शिक्षा र तालिम प्रदान गर्दै आएको छ। यस केन्द्रले तालिमका अतिरिक्त सहकारी सम्बन्धी पाठ्यक्रमको तयारी, पाठ्य सामग्रीको प्रकाशन, वितरण लगायत अध्ययन र अनुसन्धान पनि गर्दै आएको छ। २०६१ साल वैशाख १ गतेदेखि अधिराज्यका ५ वटै विकास क्षेत्रमा क्षेत्रीय स्तरका सहकारी प्रशिक्षण केन्द्रहरु स्थापना भएका छन्।

***सन्दर्भ सामग्रीहरु***


१. सहकारी दिग्दर्शन २०५७

२. सहकारी विभाग आन्तरिक कार्यसंचालन निर्देशिका २०६०

३. प्रवर्तमान पब्लिकेशन सहकारी अंक

४. सहकारिता र नेपालमा यसको विकास

५. नेफ्सकून एक परिचय

६. सहकारी संवाद वार्षिक अंक २०६१

७. आधारभूत सहकारी व्यवस्थापन तालिम म्यानुयल

८. राष्ट्रिय कृषि नीति २०६१